# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, असोज ३० गते २०३८ साल (अतिरिक्ताङ्क ३८

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विश्व खाद्य दिवसको उपलक्ष्यमा २०३८ साल आश्विन ३० गतेका दिन देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. संयुक्त राष्ट्र संघको एक अङ्ग खाद्य तथा कृषि संगठन स्थापना भएको वार्षिकोत्सवलाई विश्व खाद्य दिवसका रूपमा मनाउन थालेकोमा हामीलाई खुशी लागेको छ ।

२. मानिसलाई बाँच्नको निम्ति जन्मेदेखि नभै नहुने वस्तु उसको आहार हो भने भोजन प्राप्त गर्ने उसको आवश्यकता एक नैसर्गिक हक पनि हो । त्यसैले मानिसको यो आधारभूत आवश्यकता पूरा गरिदिनु सबै सुसंगठित मानव जाति, घर-परिवार र सरकारको सर्वोपरि कर्तव्य हुन आउँछ ।

३. यो खुशीको कुरा हो कि हालसम्म पनि नेपाल खाद्यान्न उत्पादनमा आत्म-निर्भर रहँदै आएको छ । तर जनसंख्याको वृद्धि कायमै रहेसम्म हाम्रो अर्थतन्त्रका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

अरू क्षेत्रमा जीविकोपार्जनका उपायहरू जुटाउन नसकेसम्म कृषिलाई हामीले प्राथमिकता दिँदै रहनु पर्ने कुरा प्रष्ट छ। साथसाथै सुगम बजारको व्यवस्था गर्ने, आकर्षक मूल्य उपलब्ध गराउने तथा हाम्रो जलस्रोतलाई कुशलतापूर्वक सिंचाइका निम्ति प्रयोगमा ल्याउने र आन्तरिक स्रोतद्वारा सस्तो दरमा मलको आपूर्ति गर्नेतर्फ पनि हामीले जोड दिनु परेको छ ।

४. त्यसैले, उत्पादन वृद्धि गर्ने क्रममा एकातिर अन्तर्राष्ट्रिय समुदायसंग बढी सहयोगको खोजी गर्ने काम जारी राख्नु पर्ने आवश्यकता छ भने अर्कोतिर मुलुकभित्र खाद्यान्नको वितरणका लागि न्याय र समानताका आधारमा अन्न सक्षम प्रणाली अपनाउने आवश्यकतातर्फ हामी सबैले सजग हुनु परेको छ ।

५. यसतर्फ सबै देशवासीको ध्यानाकर्षण गर्न यस दिवसद्वारा सघाउ मिलोस् भन्ने हामी कामना गर्दछौं ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५२